Rabin Shrestha

# लिच्छवि–संवत्को विवादान्त

लेखक तथा अन्वेषक
**शङ्करमान राजवंशी**

प्रकाशक :
**गिरोन्द्रमान राजवंशी**
**श्यामसुन्दर राजवंशी**

ठेगाना : **ठहिटी, क्वाबहाल**
फोन नं. २-२३१८६

वि. सं. २०४८ बामन द्वादशी ।

प्रथमबार ५०० प्रति ।

मूल्य : रु. ४।–

मुद्रक : संकटा प्रेस, ख १–८३ टेबहाल काठमाडौं–३ ।

# भूमिका

अहिलेभन्दा शय वर्ष पहिले गुजराती ब्राह्मण भगवानलाल इन्द्रजीले नेपालमा आई नेपालका २३ ओटा शिलालेख लगी छपाए। तिनमा पूर्व लिच्छविकालको एक थरी संवत् र उत्तर लिच्छविकालको एक थरी संवत् देखा परेकाले ती के संवत् हुन् भन्ने बारे चर्चा त्यसै वेलादेखि उठेको थियो।

त्यस पछि विभिन्न विदेशी विद्वान्हरूले विभिन्न मत प्रतिपादन गरे। नेपाली विद्वान्हरूले चाहिं सुमतितन्त्र भन्ने पुस्तकमा उल्लिखित संवत्हरूको वर्णनको आधारमा पूर्व लिच्छविकालको संवत्लाई शक संवत् र उत्तर लिच्छविकालको संवत्लाई मानदेव संवत् मानी आएका थिए।

अहिले लिच्छवि अभिलेख २०० भन्दा बढी भेट्टिइसकेका छन्। तिनलाई सम्पादन गरी श्री धनबज्रजीले प्रकाश गरिदिनु भएको छ। ती अभिलेखहरूको अध्ययनबाट पूर्व लिच्छविकालको संवत् कार्तिकादिबाट चलेको रहेछ भन्ने बुझियो। कार्तिकादिबाट चलेको संवत् त शक संवत् हुन सक्तैन भन्ने देखियो। त्यसलाई मैले गणनाको अनुसन्धान गरी हेर्दा पूर्व लिच्छविकालको संवत् शक पूर्व २२ मा[1] चलेको लिच्छवि संवत् रहेछ भन्ने र उत्तर लिच्छविकालको संवत् चाहिं शक ४७५ मा[2] चलेको अंशुवर्म संवत्

---

१. यसलाई कार्तिकादिमा लैजाँदा शकपूर्व २३ हुन्छ।

२. यसलाई कार्तिकादिमा लैजाँदा शक ४७४ हुन्छ।

रहेछ भन्ने पत्ता लागेपछि त्यसको निष्कर्ष निकाली लिच्छवि संवत्को निष्कर्ष भन्ने पुस्तक वि. सं. २०३० कार्तिक शुक्ल प्रतिपदामा प्रकाश गरें। त्यसैको आधारमा विभिन्न पत्र पत्रिकामा मेरो लेख पनि प्रकाशित भए।

वि. सं. २०३१ वैशाख, ज्येष्ठ, असारको त्रैमासिक पूर्णिमा पत्रिका ३४ अंकमा संशोधन मण्डलका सदस्यहरूले आफ्नो दावी गरी लिच्छवि संवत्को निष्कर्षको खण्डन निकाले। यहाँदेखि दुइ थरीको विवाद सुरु भएको हो।

त्रिभुवन विश्वविद्यालयले यो विवाद टुंग्याउनु पऱ्यो भनी ममंग लिच्छवि संवत्को निष्कर्ष बारेको वक्तव्य लिन सदस्यज्यू आउनुभयो र मेरो वक्तव्य लिई तपाईंलाई सभामा बोलाउने छौं भनी जानुभयो। मेरो वक्तव्यको प्रतिलिपि श्री नयराज पन्तलाई दिनु भएछ। त्यसको एक एक उत्तर तयार गरी सभा बोलाउँदा संशोधन मण्डलका सदस्यहरूलाई दिई पठाउनु भयो। अनि सभामा मेरो बक्तव्य सुनाइसकेपछि ती सदस्यहरूले ल्याएको उत्तर सुनाए। सभाले टुंगो लाउन सकेन र अफ्र अनुसन्धान गर्नु बाँकी नै छ भनी सभा स्थगित गरे। यसरी त्रिभुवन विश्वविद्यालयलाई तर्साउन सकेकोमा ती संशोधन मण्डलका सदस्यहरूले नाक फुलाए।

यो विवाद नयराज पन्तले नै टुंग्याउन सक्ला भन्ने विचारले प्रज्ञा प्रतिष्ठानले आफ्ना सदस्यहरू मध्येमा एक सदस्य नियुक्त गरे। नयराज पन्त प्रज्ञा प्रतिष्ठानको सदस्य भएपछि उहाँ सर्वशक्ति सम्पन्न हुनुभयो। अनि मेरो लिच्छवि सम्वत् सम्बन्धी लेख अरू पत्र पत्रिकाले छपाउन डराएकाले मेरो लेख निस्कन सकेन।

अनि नयराज पन्त गर्वले परिपूर्ण भई मेरो लिच्छवि संवत्को निष्कर्षलाई काँचै निल्छु भनी लाग्नु भयो। निर्धक्कसाथ निल्नु पनि भयो। तर माछाले बल्छी निले जस्तो भयो। मेरो लिच्छवि

सम्वत्को परिचर्चा भन्ने पुस्तक निस्केपछि बूझ पचाई निलेको बल्छीले तान्न थाल्यो। पचाएको बूझ अड्केको अनुभव भयो।

त्यस बल्छी अड्केको ठाउँ मेरो यस लिच्छवि सम्वत्को विवादान्त भन्ने पुस्तकको ५-पृष्ठमा एक्सरे गरी देखाइदिएको छु। अब बूझ पचाएर नपचिने जस्तो देखेपछि शङ्करमान लेख्न बोल्न स्वतन्त्र छन् तिनलाई कुनै प्रकारले रोकतोक गर्न सक्तिन अब शङ्करमानलाई अर्ति उपदेश दिने कामबाट म हटें भनी मोर्चाबाट हट्नु भयो र विवादको पनि टुङ्गो लाग्यो। ३३ सालदेखि उठेको यो विवाद ०४८ सालमा आएर टुङ्गो लागेकोले टुङ्गो लाग्न १६ वर्ष लागेको स्पष्ट भयो।

# लिच्छवि संवत्को निष्कर्षबारे परीक्षकको नीति

मानदेव संवत् गलत बाटो हो लिच्छवि संवत् सही बाटो हो भनी मैले लिच्छवि संवत्को निष्कर्ष भन्ने पुस्तक निकालेथें। त्यसलाई परीक्षकले सर्वप्रथम भनेको यस्तो–

परीक्षक– लिच्छवि संवत्को निर्णय गर्न वेदाङ्ग ज्योतिष सम्झनु पर्‍यो।

मैले भनें– वेदाङ्ग ज्योतिषमा त पाँच वर्षमा दुइटा अधिमास पर्छन् भनेको छ। तर यहाँ ३१ र ३४ को अभिलेखमा ४ वर्षमै दुइटा अधिमास परेको देखियो त। अनि परीक्षकले फेरि भनेको यस्तो–

परीक्षक– लिच्छविकालको संवत्को निर्णय गर्न लिच्छविकालमा बनेको सुमतितन्त्रबाट निर्णय गर्नुपर्छ।

मैले भनें– सुमतितन्त्रमा नेपाल संवत्को पनि उल्लेख छ कसरी लिच्छविकालमा बनेको भन्नुहुन्छ। अनि परीक्षकले फेरि भनेको यस्तो–

परीक्षक– ऋषिको वचन काट्ने प्रमाण देखाऊ न।

मैले भनें– अज्ञानलाई ज्ञानले काटे जस्तै ऋषिको वचन विज्ञानले

# लिच्छवि संवत्को परिचर्चाबारे परीक्षकले बोलेका कुरा

परीक्षक–

मानदेवदेखि प्रथम शिवदेवको पालासम्मका अभिलेखका संवत् कार्तिकादि भएका हुनाले ती शक संवत् हुन सक्तैनन् किन भने शक संवत् चैत्रादि मात्र छ कार्तिकादि छैन भनी शङ्करमानले यहाँ दृढतापूर्वक लेखेका छन्। तब यसको परीक्षा गरिन्छ।
(पूर्णिमा ७८ अंक ६ पृष्ठ)

यस्तो भनी भक्तपुर सिद्धपोखरी नजिकै सल्लाघारीसंगै रहेको पोखरीको पाटीको भित्तामा रहेको जगज्ज्योतिर्मल्लको वि. सं. १६८७ को शिलालेखमा लेखिएको मितिको गणना र

जगज्ज्योतिर्मल्लको उपर्युक्त शिलालेखसंगै यसै पोखरी विषयको जितामित्र मल्लको शिलालेखको मितिको गणना दिई

यो गणना हामी (देवींप्रसाद, भोलानाथ र शङ्करमान) ले गरेका हौं भनी दिइएको इतिहास संशोधन ५१ क्रम.गत संख्याका ८–९ पृष्ठ प्रस्तुत गर्दै भन्नुहुन्छ–

पहिले शङ्करमान आफैले शक संवत् कार्तिकादि भएका अभिलेखका गणना गरेका थिए यस कारण लिच्छवि संवत्को

गरि चर्चामा शक संवत् कार्तिकादि हुनै सक्नैन भनी अहिले शङ्कर-मानले जो लेखे सो जानाजान बदमासी गर्ने नियतले लेखिएको हो भन्ने कुरा जो कोही पनि बुझ्न सक्छ ।

(पूर्णिमा ७८ अङ्क ६–९ पृष्ठ)

विद्यार्थी–

कसो त शङ्करमानजी तपाईंले पनि त शक संवत्लाई कार्तिकादिमा गणना गर्नुभएको रहेछ त ।

शङ्करमान–

नेपालीले भारतमा व्यवहार गर्दा भारु. सटही गर्नुपर्छ त्यस्तै भारतीयले नेपालमा व्यवहार गर्दा ने. रु. सटही गर्नुपर्छ भन्ने कुरा त सबैलाई थाहै छ । त्यस अभिलेखमा भारतीय संवत् र नेपाली संवत् उल्लेख भएको हुनाले नेपालीमा सटही गरेको हो । शक संवत् चैत्रादि भन्ने कुरा त उहाँले नै दिनु भएको सुमति तन्त्रको वाक्यको अनुवाद हेरे थाहा हुन्छ । जस्तै–

पाटीमा नेपाल संवत् लेख्नु । त्यसमा ८०२ जोड्नु योगफल शक संवत् हुन्छ । पाटीमा शक संवत् लेख्नु । त्यसमा ३१७९ जोड्नु योगफल कलिगत वर्ष हुन्छ । यसरी कलिगत वर्ष ल्याएपछि त्यसबाट ३६२५ घटाउनू शेष इन्दु वर्ष हुन्छ । अब पाटीमा इन्दु वर्ष लेख्नू । यसलाई १२ ले गुन्नू । आएको गुणनफलमा चैत्रादिगत महीना जोड्नू । (पूर्णिमा ७८ अंक १३)

यहाँ चैत्रादि गत महीना जोड्नू भनेको छ कार्त्तिकादि गत महीना जोड्नू भनेको छैन ।

यस्तै सुमति सिद्धान्तको उद्धरण दिई उहाँ आफै भन्नुहुन्छ–

नेपाल संवत्को प्रारम्भ कार्तिकशुक्ल प्रतिपदामा हुन्छ र शक संवत्को प्रारम्भ चैत्रशुक्ल प्रतिपदामा हुन्छ भन्ने कुरा स्पष्ट छ। (पूर्णिमा ७८ अंक १४ पृष्ठ)

तब जानाजान बदमासी त उहाँले नै गर्नुभएको छ जहाँ भारतीय संवत् नमिसेको लिच्छवि संवत्लाई कार्तिकदिशक मान्नुहुन्छ। त्यसैले मानदेव संवत् मिलाउन निकाल्नुभएको उहाँको युक्ति अशुद्ध छ भनी तदनुसार मध्यकाल तथा लिच्छविकालका अधिमासमा असर पर्ने कुरा लिच्छवि संवत्को परिचर्चामा दिएको थिएँ। अब उहाँ भन्नुहुन्छ–

परीक्षक–

नेपाल संवत्लाई शक संवत्मा परिणत गर्नुपर्दा कार्तिकशुक्ल प्रतिपदादेखि चैत्र (अमान्तमानले फाल्गुन) कृष्ण अमावास्यासम्म नेपाल संवत्मा ८०१ जोड्नुपर्ने र चैत्रशुक्ल प्रतिपदादेखि कार्तिक (अमान्तमानले आश्विन) कृष्ण अमावस्यासम्म नेपाल संवत्मा ८०२ जोड्नुपर्ने कुरा स्पष्ट देखिन्छ। यो कुरा इतिहास संशोधन ५१ क्रमागत संख्यामा शङ्करमान आफैंले पनि लेखिसकेका छन्। (पूर्णिमा ७८ अंक १५ पृष्ठ)

शङ्करमान–

सुमतितन्त्रमा जसरी ८०२ मा नेपाल संवत् उठ्छ भनेर दियो त्यस्तै ४९८ मा मानदेव संवत् उठ्छ भन्नु हुन्छ त त्यो मानदेव संवत् पनि त नेपाल संवत् जस्तै कार्त्तिकादि भएपछि माथि भने जस्तै मानदेव संवत्लाई शक संवत्मा परिणत गर्नुपर्दा कातिकशुक्ल प्रतिपदादेखि चैत्र (अमान्तमानले फाल्गुन) कृष्ण अमावस्यासम्म मानदेव संवत्मा ४९७ जोड्नुपर्ने र चैत्रशुक्ल

प्रतिपदादेखि कार्तिक (अमान्तमानले आश्विन) कृष्ण अमावस्यासम्म मानदेव संवत्‌मा ४९८ जोड्नुपर्ने कुरा पनि स्पष्ट देखिन्छ। तर उहाँले चैत्रशुक्ल प्रतिपदादेखि कार्तिक (अमान्तमानले आश्विन) कृष्ण अमावस्यासम्म मानदेव संवत्‌मा ४९९ जोडेर हिसाब गर्नु भयो। अनि भन्नुभयो–

अभिलेखको संवत् ३१ शक संवत् ५२९ देखि ५३० आश्विनसम्म रहन्छ। वेङ्कटेश केतकरको सौरार्य ब्राह्म पक्षीय तिथि गणितमा छापिएको अधिमास क्षयमास सारणीमा शक संवत् ५३० को ज्येष्ठमा अधिमास छ। सो अधिमास अभिलेखको संवत् ३१ ज्येष्ठमा पर्छ। अभिलेखको संवत् ३१ को ज्येष्ठमा परेको अधिमास धर्म निर्णय तिथिसार संग्रहको ··· ··· ··· ···वचन अनुसार पौषमा लिइने भयो।

(लिच्छवि संवत्‌को निर्णय ९–१० पृष्ठ)

त्यसैले अधिमासको हिसाबमा कैफियत छ मेरो चित्त बुझ्दैन भन्दा उहाँ एक जनाको मात्रै हिसाब होइन त्यसमा हामी पनि सहभागी छौं भनी उहाँका सहायकहरूले आवाज उठाएथे। त्यही बमोजिम लिच्छवि संवत्‌को निर्णय भन्ने पुस्तक निकाल्नु भयो। यो उहाँले सरासर बूझ पचाउनु भएको हो। अब उहाँ यसो भन्नुहुन्छ–

परीक्षक–

शङ्करमान आफ्नो इच्छानुसार लेख्न बोल्न स्वतन्त्र छन् उनलाई कुनै प्रकारले रोकतोक गर्न म सक्तिन। अब शङ्करमानलाई अति उपदेश दिने कामबाट म हटें।

(पूर्णिमा ७८ अंक ५२ पृष्ठ)

शङ्करमान–

चैत्रादि शकलाई कार्तिकादिमा लैजानुपर्दा एक घटाउनु पर्छ भन्ने थाहा छँदा छँदै बूझ पचाएर एक जोडी मानदेव संवत् मिल्छ भनी आँखामा छारो हाल्नु इतिहास संशोधनका प्रवर्त्तक उहाँलाई सुहाउने कुरा थिएन । अब शङ्करमानलाई उपदेश दिने कामबाट हटें भनी विवाद टुंग्याउनु भयो । तब मानदेव संवत्को हिसाव अशुद्ध भन्ने सिद्ध भएपछि उहाँको लिच्छवि संवत्को निर्णय स्वतः भत्कियो तत्संबन्धी वाग्जालहरू छयान्द व्यान्द भए ।

अब लिच्छवि संवत्को निर्णय भत्किएको चोटले तिर्मिराउँदै उहाँ बुद्धिसागर पराजुलीलाई पो टोक्न जानुभयो । हेर्नुस्–

पूर्णिमा ७८ अंकको मुखपत्रको पृष्ठमा–

मीमांसाचार्य पण्डित श्री बुद्धिसागर पराजुलीज्यू हाम्रो लिच्छवि संवत्को निर्णयको खण्डन गर्न हिम्मत तपाईंमा छ भने त्यस विषयका लेखहरू लेखी प्रकाश गराई आफैं शास्त्रार्थको मैदानमा उत्रनुहोस् ।

भवदीय,

**नयराज पन्त**

वि. सं. २०४७ श्रावण संक्रान्ति — संशोधन मण्डल

यस्तै गरी अब प्रज्ञा प्रतिष्ठानका कुलपति, उप-कुलपतिलाई पनि टोक्ने पो हुन् कि क्या हो ।

धीत मर्ने गरी गाली गर्ने जसलाई पायो उसलाई टोक्ने, बूझ पचाई मानिसलाई आँखामा छारो हाल्ने, लाज लाग्ने कुरो देखाउनेलाई के भन्ने हो पाठकहरू आफैं बुझ्नुन् ।